# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस नोट

२०७६ चैत ६

## कोभिड–१९ विरुद्ध लड्न सचेतना आवश्यक

विश्वमा महामारीको रुपमा फैलिंदै गएको COVID-19 विरुद्ध लड्न नेपाल सरकारले गरिरहेको तयारी, महामारीबाट फैलिरहेको संन्त्रास तथा जीवनको अधिकारको रक्षाको सम्बन्धमा आयोगले आज नेपाल सरकार, गृह मन्त्रालय र स्वास्थ्य मन्त्रालयका प्रतिनिधिहरुसँग छलफल गरेको छ । छलफलमा सरकारले COVID-19 विरुद्ध लड्न गम्भीरतापूर्वक आवश्यक तयारी गरिरहेको जनाइएको छ । देशका विभिन्न नाकाहरुमा आवश्यक सतर्कता र स्वास्थ्य परीक्षणको व्यवस्था गरिएको जनाउँदै नेपाल सरकारका प्रतिनिधिहरुले नागरिकको सचेतना, सरसफाइ र जिम्मेवारीबोध नै यस विरुद्ध लड्ने महत्वपूर्ण औंजार रहेको बताउनु भएको छ । छलफलमा आयोगका अध्यक्ष माननीय अनूप राज शर्माले सरकारले यस सम्बन्धमा हिजो चैत्र ५ गते गरेको निर्णयलाई सकारात्मक रुपमा लिंदै नेपाल सरकारलाई धन्यवाद व्यक्त गर्नु भएको छ । साथै वहाँले सरकारका निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वय हुने अपेक्षा रहेको बताउनु भएको छ । छलफलमा आयोगका सदस्य द्वय प्रकाश वस्ती तथा गोविन्द शर्मा पौड्याल, गृह मन्त्रालयका प्रवक्ता तथा सह सचिव केदारनाथ शर्मा, स्वास्थ्य मन्त्रालय अन्तर्गतको स्वास्थ्य आपतकालिन कार्य संचालन केन्द्रका प्रमुख सागर दाहाल लगायत आयोगका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

वेद भट्टराई
सचिव / प्रवक्ता


फोन नं. ००९७७–१–५०१००१५, फ्याक्स नं. ००९७७–१–५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org